# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## कमलबजार नगरपालिका
## अछाम




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal,
Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं.

मिति: २०७७/३/२४

श्री नगर प्रमुखज्यू,
कमलबजार नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, अछाम ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal,
Kathmandu, Nepal

पत्र संख्या : २०७६।७७
च.नं :

मिति: २०७७।३।२४

श्री नगर प्रमुख ज्यू,
कमलबजार नगरपालिका,
अछाम ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले कमलबजार नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट ३ करोड ६२ लाख ४० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४७ लाख ६३ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ५१ लाख ०७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५४ लाख ६० हजार र पेश्की बाँकी ०९ लाख १० हजार हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।१२।०४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहित विभिन्न १ दफाको रु. १९ लाख ५० हजार हजार असुल फछ्र्यौट भई प्रमाण कागजात पेश हुन आएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनबाट हटाइएको छ । अन्य दफा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २८ (अट्ठाइस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका

व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनको लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७६/९/२४

(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

# कमलबजार नगरपालिका, अछाम
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ । सुदूरपश्चिम प्रदेशमा अवस्थित यो नगरपालिका अन्तर्गत वडा १०, १२०.७८ वर्ग कि.मी.क्षेत्रफल र २३७३८ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोष :** आर्थिक वर्ष २०७५।०७६ को स्थानीय संचितकोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| आयतर्फ | | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं | विवरण | रकम | रकम | सि.नं. | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | ० | ३७१६४३९९.६१ | १ | **चालु खर्च** | ३११२१५८१७.९० | ३११२१५८१७.९ |
| | क) नगद | ० | ० | २ | **पूँजीगत खर्च** | १६९७६९१८७ | १६९७६९१८७ |
| | ख) बैंक | ३७१६४३९९.६१ | ० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ० | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | ० | ६०१६५७५१.५५ | | क) ऋण भुक्तानी | ० | ० |
| | क) आन्तरिक राजस्व | ३६३०९४६.९० | ० | | ख) ब्याज भुक्तानी | ० | ० |
| | ख) राजस्व बाँडफाँड | ५६५३४८०४.६५ | ० | | ग) अन्य भुक्तानी | ० | ० |
| | ग) अन्य आय | ० | ० | ४ | **लगानी** | ० | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | ० | २९५४६८६००.०० | | ऋण लगानी | ० | ० |
| | क) वित्तीय समानीकरण अनुदान | ८३८००००००.०० | ० | | शेयर लगानी | ० | ० |
| | ख) सशर्त अनुदान | १८१८६८६००.०० | ० | | अन्य लगानी | ० | ० |
| | ग) समपूरक अनुदान | १४८००००००.०० | ० | ५ | **धरौटी फिर्ता** | ६५६७३६.०० | ६५६७३६.०० |
| | घ) विशेष अनुदान | १५००००००.००० | ० | ६ | **कोष खर्च** | ० | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १८०६००००.०० | ७ | **मौज्दात** | ..०० | ० |
| | क) वित्तीय समानीकरण अनुदान | ६७७२०००.०० | ० | | क) नगद मौज्दात | ० | १४०९०५१२.८७ |
| | ख) सशर्त अनुदान | ०.०० | ० | | ख) बैंक मौज्दात ( मुलखाता) | ११७२६७४७.८७ | ० |
| | ग) समपूरक अनुदान | ३७८८०००.०० | ० | | धरौटी | २३६३७६५.०० | ० |
| | घ) विशेष अनुदान | ७५०००००.०० | ० | | | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | ० | | | ० | ० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ० | ० | | | ० | ० |
| | क) ऋण प्राप्ति | ० | ० | | | ० | ० |
| | ख) साँवा प्राप्ति | ० | ० | | | ० | ० |
| | ग) ब्याज प्राप्ति | ० | ० | | | ० | ० |
| | घ) अन्य प्राप्ति | ० | ० | | | ० | ० |
| ६ | **विभिन्न कोषतर्फको आय** | १४३८६००.०० | १४३८६००.०० | | | ० | ० |
| ८ | **जनसहभागिता ( नगद)** | ० | ० | | | ० | ० |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ७२९८५०००.०० | ७२९८५०००.०० | | | ० | ० |
| १० | **धरौटी आय** | ३०२०५०१.०० | ३०२०५०१.०० | | | ० | ० |
| ११ | **लगानीको साँवा फिर्ता** | ० | ० | | | ० | ० |
| १२ | **अन्य विविध आय** | ७४२९४०१.६१ | ७४२९४०१.६१ | | | ० | ० |
| १३ | **अग्रिम आय कर दाखिला बाँकी** | | | | | ० | ० |
| | **जम्मा** | **४९५७३२२५३.७७** | **४९५७३२२५३.७७** | | **जम्मा** | **४९५७३२२५३.७७** | **४९५७३२२५३.७७** |

## राजस्वतर्फ :

| शिर्षक नं. | लगत हसवली समेत | असुली | दाखिला | बाँकी | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | नगद | लगत | |
| – | ५९८०५५.०० | ०.०० | ५९८०५५.०० | - | - | |

| दफा नं | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | **वित्तिय लेखापरिक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन् :** | |
| १. | **बैंक मौज्दात** : यस बर्षको अन्तमा श्रेस्ता अनुसार बैंक मौज्दात धरौटी बाहेक रु ११७२६७४७८७ देखिएकोमा बैंक समायोजन विवरण तयार गर्नुपर्दछ । | |
| २. | **प्रोदभावी लेखा :** नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्नेमा सो अनुसार लेखा राखेकाले वित्तिय विवरणले वास्तविक सम्पत्ति र दायित्वको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन ।अतः प्रोदभावी लेखाप्रणाली अबलम्बन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३. | **बेलायत सरकार साभ्कै भुक्तानी :**बेलायत सरकार सोभ्कै भुक्तानी अनुदानको रु १००००००।०० आयतर्फ सशर्त अनुदान (संघीय सरकार) मा रु १८१८६८६००।०० मा समावेश गरि खर्चतर्फ सशर्त अनुदान संघीय सरकार पूँजिगत तथा चालुतर्फको कुल खर्च रु १८०२१७७२८।९० खर्चमा समेत रु १,००,००,०००।०० देखाई आय व्यय विवरण पेश गरेकोमा सो सोभ्कै भुक्तनीतर्फको रु १ करोडको लेखापरिक्षण गरिएको छैन । | |
| ४. | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादात्म्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । नगरपालिकाले सो अनुसार कार्य गरेको छैन । अतः तोकिएअनुरुपको प्रक्रिया मिलाइ कार्यक्रम तयार गर्नुपर्दछ । | |
| ५. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरण, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो अनुसार पेश गरेको देखिएन । | |
| ६. | **कर तथा आन्तरिक स्रोत :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ५४ बमोजिम नगरपालिकाको वित्तिय अधिकार क्षेत्रमा कानून बमोजिम वाहेक नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाइने उल्लेख छ । सोही ऐनको दफा १०२ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन वनाई राजपत्रमा प्रकाशन गर्नुपर्ने र प्रकाशन नभएसम्म लागु नहुने उल्लेख छ । नगरपालिकाले यो वर्षआन्तरिक | |

| | | |
|---|---|---|
| | श्रोतको रुपमा रु.३७२४५००।०० आन्तरिक आय गर्ने लक्ष्य राखेकोमा रु.१८९२३९६।०० कर असूली गरेको देखिन्छ । ऐन वनाई राजपत्रमा प्रकाशन नहुँदै कर दस्तुर समेत असूल गर्नु कानून सम्मत देखिएन । अतः कानून बनाई  असुल गर्ने परिपाटी विकसित गर्नुपर्दछ । | |
| ७. | **योजना वनाई कार्यान्वयन :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानियस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना वनाई लागु गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना वनाएको देखिएन । अतः योजना बनाई कार्यान्वयन गर्नुपर्दछ । | |
| ८. | **स्थानिय राजस्व परामर्श समिति :** स्थानिय सरकार संचालन ऐनको दफा ६५ बमोजिम नगरपालिकामा राजस्व सम्वन्धी परामर्शको लागि स्थानिय राजस्व परामर्श समिति रहने व्यवस्था अन्तर्गत  राजस्व परामर्श समिति गठन गरेको देखिन्छ । सोही ऐनको दफा ६५(२) मा राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार क्षेत्र तोकेको देखियो । ऐनको दफा ६५ को उपदफा २ मा समितिले राजस्व सम्वन्धी नीति तथा कानूनको तर्जुमा गर्ने, राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगमी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने, रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्वन्धमा परामर्श दिने जस्ता अधिकार एवं काम, कर्तव्य तोकेको देखिन्छ । ऐनको व्यवस्था बमोजिमको काम, कर्तव्य गरेको देखिएन । अतः समितिले सो अनुरुप कार्य गर्नुपर्दछ । | |
| ९. | **स्रोत अनुमान र  बजेट निर्धारण समिती** : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समिति, दफा ६७ मा श्रोत अनुमान र वजेट निर्धारण समिति गठनको प्रावधान बमोजिम समिति गठन गरेको देखिन्छ । ऐनको दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । त्यस्तै ऐनको दफा ६६(३) मा श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको काम कर्तव्य तोकिएको भएतापनि समिति गठन पश्चात ति समितिहरुले ऐनमा भएको व्यवस्था अनुसार कार्य गरेको देखिएन । अतः समितिहरुले ऐनको व्यवस्था अनुरुप कार्य गर्नुपर्ने देखिन्छ । | |
| | **नियमिततातर्फको लेखापरिक्षणबाट देखिएको व्यहोरा देहाय बमोजिम छन् :** | |
| १०. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । यस वर्ष नगरपालिकाको प्रमुखबाट प्रमुख | |

| | | |
|---|---|---|
| | प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको पाइएन । अतः अख्तियारी दिई खर्च गर्नुपर्दछ । | |
| ११. | **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| १२. | **न्यायिक समितिको वार्षिक विवरण :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम नगरपालिकाको न्यायिक समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । तर सो समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गरेको छैन । अतः नगरसभामा पेश गर्नुपर्दछ । | |
| १३. | **नक्सा पास :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २७ मा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ । नगरपालिकाले यो वर्ष नक्सा पास गरेको देखिएन । तसर्थ नक्सा पास गराई भवन निर्माण गराउने तर्फ पहल गरिनु पर्दछ । | |
| १४. | **ऐन, नियम, कार्यविधि निर्माण :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन वनाउन सक्ने व्यवस्था छ । नगरपालिकाबाट विभिन्न विषयका ऐन, नियम, कार्यविधि वनाई मस्यौदामा छलफल गरेको भएतापनि पारीत भएको तथा राजपत्रमा प्रकाशन गरेको स्थिति छैन । तसर्थ समयमा नै ऐन, कानून, नियम र कार्यविधि बनाइ लागू गर्नुपर्दछ । | |
| १५. | **चौमासिक प्रगति :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६(३) बमोजिम प्रमुख प्रशासकिय अधिकृतले नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिन भित्र कार्यपालिकाको वैठकमा पेश गर्नु पर्नेमा पेश गरेको देखिएन । | |
| १६. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| १७. | **बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । | |

| | | |
|---|---|---|
| | नगरपालिकाले गत विगत वर्ष देखिको वक्यौता असूली विवरण नराखेकोले वक्यौता हिसाव राखि अद्यावधिक गर्नु पर्दछ । | |
| १८. | **आन्तरीक नियन्त्रण प्रर्णाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने र उपदफा ३ बमोजिम आन्तिरिक नियन्त्रण प्रणालीको अनुगमन गर्नका लागि नगरप्रमुखले व्यवस्था मिलाउनुपर्ने उल्लेख गरेको भएतापनि आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गरेको देखिएन । तसर्थ देहाय बमोजिमको व्यवस्थाद्धारा आन्गारिक नियन्त्रण एवं परिचालन गरिनुपर्दछ ।<br>● पुराना मालसमानको मूल्य नखुलेको,<br>● जिन्सी मालसमानको लिलाम/मर्मत नभएको<br>● पेश्की समयमा फछ्र्यौट नगरेको<br>● उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको<br>● वार्षिक खरिद योजना तयार नभएको, (सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८)<br>● सवारी साधनको लगबुक रीतपूर्वक नराखेको<br>कानूनको परिपालना पूर्णरुपमा नगरेको कारणले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको र सेवा प्रवाहमा ढिलाइ भएको हुँदा यथोचित व्यवस्थापनद्धारा कार्य सम्पादन/सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| १९. | **कार्यक्रम/योजना संचालनको लेखापरिक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन् :** | |
| २०. | **लक्ष्य प्रगतिको स्थिति :** चौमासिक प्रगती विवरण पेश गरि समिक्षा गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार नगरेकाले प्रगति समिक्षा भएको देखिएन । | |
| २१. | **सशर्त अनुदान बचत रकम :** आर्थिक कार्यविधि नियामवली,२०६४ को नियम ३३ बमोजिम सशर्त अनुदान तथा खर्च भई बचत रकम फिर्ता गर्नुपर्ने भनि तोकिएको बजेट उपशिर्षक तथा कार्यक्रमको रकम बचत भएमा कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने उल्लेख छ । बाल बिकास प्रोत्साहन र प्रदेश सांसद खानेपानी कार्यक्रममा रु २५६५०००।०० निकासा लिई खर्च रु | |

| | | |
|---|---|---|
| | २२४१६३८।०० गरेकोले रु ३२३३६२।०० बचत रहेकोमा सो रकम फिर्ता नगरेकोले फिर्ता हुनुपर्ने रु | ३२३३६२.०० |
| २२. | **उपभोक्ताको योगदान अंश :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितीसँग गराउने निर्माण कार्यमा लागत अनुमान तयार गरि उपभोक्ताले व्यहोर्नुपर्ने अंश निर्धारण गरी सम्झौता गरेको हुन्छ । देहायको निर्माण कार्यको लागत अनुमान र लागत सहभागिताको स्थिती निम्न छन् । | |

| सि.नं | योजनाको नाम | लागत अनुमान | खर्च व्यहोर्ने | | | |
|---|---|---|---|---|---|---|
| | | | न.पा | प्रतिशत | उपभोक्ता | प्रतिशत |
| १ | वडा नं ९ को रिनुरुप बाजाखेत खानेपानी उपभोक्त समिती | २०३५९०/७७ | १९०००० | ९३.३१ | १३५९०.७७ | ६.६७ |
| २ | पदमासना आधारभूत विद्यालयमा ग्यविन कार्य | २२९९०२ | १९०००० | ८२.६५ | ३९९०२ | १६.३५ |
| ३ | गौरीखाँद खिरेचौका वयाला मोटरबाटो | ७३१९२६ | ६००००० | ८२ | १३१९२६ | १८ |
| ४ | पनेरी खोला नाउलो निर्माण उपभोक्त समिती | ६२३२८/- | १९०००० | ७७.८९ | ५३९१३ | २२.११ |
| ५ | लडेधारा खानेपानी मर्मत उपभोक्त समिती | ६१६५४/०० | ४७५०० | ७७ | १४१५० | २३ |
| ६ | खोल्टेखोला नाउलो निर्माण उपभोक्त समिती | ६२३२८/- | ४७५०० | ७६.२० | १४८२८ | २३.८० |
| ७ | क्वाल्लेख खानेपानी योजना उ.स | १२६३०२/३९ | ९५००० | ७५.२१ | ३१३०२.३९ | २४.७८ |

उपरोक्त अनुसारका निर्माण कार्यहरुमध्ये खानेपानी निर्माणको लागी उपभोक्ताले लागत अनुमानको ६.६७ प्रतिशत देखि २४.७८ प्रतिशत सम्म व्यहोरेको देखियो भने नाउलो (कुवा) निर्माणमा २२ देखि २४ प्रतिशतसम्म व्यहोरेको देखियो । एक उपभोक्ता समिती र अर्को उपभोक्ता समितीसँग फरक फरक प्रतिशतमा लागत सहभागिताको प्रतिशत व्यहोरेकोले कार्यपालिकाले निर्माण कार्यको प्रकृति अनुसारको कार्य वर्गिकरण गरी समान काममा समान प्रतिशत लागत सहभागिता हुने गरी निर्णय गर्नुपर्ने देखिन्छ ।

| | | |
|---|---|---|
| २३. | **उपभोक्ता समितीलाई बढी भुक्तानी :**सार्वजनिक खरिद नियमावलीको नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समूहद्वारा गराइने निर्माण कार्य लागत अनुमानको आधारमा नगरपालिकाले व्यहोर्ने अंश र उपभोक्ताले व्यहोर्ने अंश छुट्याई उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गराएको हुन्छ । लागत अनुमानको आधारमा निर्माण सम्पन्न गरेपछि वास्तविक लागतको आधारमा सम्झौता बमोजिम सहभागितको अंश कार्यालय र उपभोक्ताले व्यहोर्नुपर्दछ । गो.भौ.नं २७, मिती २०७५।७।१४ बाट कात्यायानी मा.बि. भवन निर्माण उपभोक्ता समितीसँग रु२८०९६७८।०० को लागत अनुमान भै नगरपालिकाले ६०.५ प्रतिशत र उपभोक्ताले ३९.५ प्रतिशत लागत व्यहोर्ने गरि उपभोक्ता समितीसँग | |

<table>
<tr><td></td><td>सम्झौता गरेको देखिन्छ । कार्य सम्पन्न प्रतिवेदन अनुसार ८१३०६२।०० मा सम्पन्न गर्दा सम्झौताको साझेदारी दर अनुसार उपभोक्ता अंश रु ३२११५९।४९ घटाई बाँकी रु ४९१९०२।५१ भुक्तानी गर्नुपर्नेमा रु ६६३०००।०० गरेबाटउपभेक्ता समितीलाई बढि भुक्तानी गरेको असुल हुनुपर्ने रु.</td><td>१७१०९७.४९</td></tr>
<tr><td>२४.</td><td>पाइप दाखिला एवम् प्राविधिक प्रतिवेदनः वडा नं ६ को वडा कार्यालयको सिफारिस बमोजिम धमला हार्डवेयर अर्डर एण्ड सप्लायर्सलाई २० एम्.एम्. को १० के.जी. एच.डि.पि पाइप खरिद बापत भुक्तनी गरेकोमा सो पाइप दाखिला एवं  उपभोक्ता समितीलाई हस्तान्तरण गरेको भए हस्तान्तरण फारम र प्रयोग पुष्ट्याई हुने प्राविधिक प्रतिवेदन पेश नभएको रु</td><td>७८७४४.००</td></tr>
<tr><td>२५.</td><td>भौगोलिक क्षेत्र फरक पारि खर्च गरेको :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ३ बमोजिम नगरपालिकाको भौगोलिक क्षेत्र निर्धारण हुने र दफा ५ बमोजिम वडाको सीमा निर्धारण हुने व्यवस्था छ । नगरपालिकाले आफ्नो कार्यक्रम र बजेट सोही भौगोलिक क्षेत्र भित्र खर्च गर्नु पर्दछ । निम्नानुसार भौचर नंम्बर मितिबाट भौगोलिक सीमानाभन्दा अन्यत्र बजेट खर्च गरेकोले खर्च नियमित नदेखिएको रु.
<table>
<tr><th>भौ.नं, मिती</th><th>कार्यक्रम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>८३।२०७५।११।२८</td><td>त्रिपुरासुन्दरी देवी मन्दिर घेरा पर्खाल निर्माण, तुर्माखाँद गा.पा</td><td>२५०००.०</td><td>तुर्माखाँद गा.पा को भौगोलिक क्षेत्रमा रहेको ।</td></tr>
<tr><td>२०७५।१।१७</td><td>वि.पी स्मृति भवन निर्माण,मंगलसेन</td><td>३०००००.०</td><td>मंगलसेन न.पा वडा नं ५ मा वि.पि स्मृती भवन निर्माणका लागी</td></tr>
<tr><td>५९।२०७५।१०।२०</td><td>सशस्त्र प्रहरी बल,साँफे गुल्म सि.सि.टि.भी जडान</td><td>५००००.०</td><td>साँफेबगर न.पा. मा रहेको सशस्त्र प्रहरी बल गुल्मलाई सहयोग ।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३७५०००.०</td><td></td></tr>
</table></td><td>३७५०००.००</td></tr>
<tr><td>२६.</td><td>वडाध्यक्षबाट भ्रमण आदेश स्वीकृतः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ बमोजिम कार्यालयको दैनिक प्रशासन एवम् बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने र बजेट खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई रहेको छ । तदनुरुप गरिनुपर्दछ । नगरपालिकाले वडालाई बजेट संचालन गर्ने अख्तियारी दिएको अवस्था नभएकोले वडा अध्यक्षले आफ्नो भ्रमण आदेश आफैंले स्वीकृत गर्ने, वडाका कर्मचारीको भ्रमण आदेश स्वीकृत गर्ने कार्य गरेकोले खर्च नियमित नहुनाको साथै कानुन विपरित भ्रमण आदेश स्वीकृत गरि बजेट खर्च गर्ने कार्य नियन्त्रण हुनुपर्ने रु
<table>
<tr><th>भौ.नं,मिती</th><th>भ्रमण गर्ने कर्मचारी</th><th>भ्रमण अवधि</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१२६/२०७६।१।११</td><td>स.क.अ भानुभक्त ढकाल</td><td>२०७५।९।१ देखि २०७५।९।६</td><td>६०७५।००</td><td>वडा अध्यक्ष राम बहादुर शाहले भ्रमण आदेश स्वीकृत गरेको ।</td></tr>
<tr><td>१२६/२०७६।१।११</td><td>स.क.अ भानुभक्त ढकाल</td><td>२०७५।७।१४ देखि २०७५।७।२०</td><td>७१७५।००</td><td>वडा अध्यक्ष राम बहादुर शाहले भ्रमण आदेश स्वीकृत गरेको ।</td></tr>
<tr><td>१२६/२०७६।१।११</td><td>स.क.अ भानुभक्त ढकाल</td><td>२०७५।८।२ देखि २०७५।८।८</td><td>७१७५।००</td><td>वडा अध्यक्ष राम बहादुर शाहले भ्रमण आदेश स्वीकृत गरेको ।</td></tr>
</table></td><td>६३७३७.००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १२६/२०७६।१।११ | स.क.अ भानुभक्त ढकाल | २०७५।१०।१३ देखि २०७५।१०।२८ | ६५५०।०० | वडा अध्यक्ष राम बहादुर शाहले भ्रमण आदेश स्वीकृत गरेको । |
| १२६/२०७६।१।११ | स.क.अ भानुभक्त ढकाल | २०७५।८।१७ देखि २०७५।८।२३ | ७१८७।०० | वडा अध्यक्ष राम बहादुर शाहले भ्रमण आदेश स्वीकृत गरेको । |
| १२७/२०७६।१।१२ | वडा अध्यक्ष राम बहादुर शाह | २०७५।१०।१५ देखि २० सम्म | १०४५०।०० | भ्रमण आदेश स्वीकृत नभएको |
| १२७/२०७६।१।१२ | वडा अध्यक्ष राम बहादुर शाह | २०७५।१।२ देखि १६ सम्म | ६३७५।०० | आफैँले भ्रमण आदेश स्वीकृत गरेको |
| १२७/२०७६।१।१२ | वडा अध्यक्ष राम बहादुर शाह | २०७५।१२।३ देखि ८ सम्म | ७८७५।०० | भ्रमण आदेश स्वीकृत नभएको |
| १२७/२०७६।१।१२ | वडा अध्यक्ष राम बहादुर शाह | २०७५।१२।१२ देखि १५ सम्म | ४८७५।०० | आफैँले स्वीकृत गरेका |
| | | जम्मा | ६३७३७।०० | |

२७. **अनुगमन प्रतिवेदनः** भ्रमण खर्च नियमावली,२०६४ बमोजिम भ्रमणमा खटिने कर्मचारी वा पदाधिकारीले भ्रमणबाट फर्केपछि भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । भौचर नं १६०, मिती २०७६।२।३ उप प्रमुख भूमीशरण ढकाल (बजगाई) लाई निम्नानुसार मितीमा विभिन्न योजना अनुगमन गरेवापत रु ३२४००।०० भुक्तानी गरेकोमा कार्यालयले अनुगमन कार्ययोजना तयार नगरेको, अनुगमन चेकलिष्ट तयार तथा प्रयोग नगरेको, अनुगमन बाट देखिएको व्यहोराहरु कार्यालयमा पेश गरि तदानुसार नगरेकोले दैनिक भ्रमण भत्ता खर्च नियमित एवम् पुष्टी हुन नसकेको रु

३२४००.००

| योजना अनुगमन | भ्रमण गरेको स्थान | मिती | रकम |
|---|---|---|---|
| विद्यालय योजना | विरपथ | २०७५/१२/१८-१२/२० | ४०५०/- |
| बाटो निर्माण | सेरा | २०७५/१२/२५-१२/२७ | ४०५०/- |
| बाटो निर्माण | विरपथ | २०७५/१२/२८-१२/३० | ४०५०/- |
| खा.पा. योजना अनुगमन | चाल्सो | २०७६/१/३-१/५ | ४०५०/- |
| कुलो अनुगमन | वयालो | २०७५/१/१५-१/१७ | ४०५०/- |
| विद्यालय बाटो अनुगमन | विरपथ | २०७६/१/३-१/५ | ४०५०/- |
| सा.सु. वितरण | सेरा | २०७५/१/१५-१/१७ | ४०५०/- |
| अर्थ मन्त्रालयको कार्यक्रममा सहभागी | मंगलसेन | २०७५/१/१५-१/१७ | ४०५०/- |
| जम्मा | | | ३२४००/- |

२८. **सोझै खरिदः** सार्वजनिक खरिद नियामवली,२०६४ को नियम ८५ बमोजिम सार्वजनिक निकायले रु ५ लाखसम्मको मालसामान सोझै खरिद गर्नसक्ने र नियम ८४ बमोजिम रु ५ लाख भन्दा माथी रु २० लाख सम्मको खरिद सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले १० वटा वडाहरुमा ई हाजिरी तथा इन्टरनेट सेवा जडान गर्न एकै प्याकेज बनाई सिलबन्दी दरभाउपत्रको आधारमा खरिद कार्य गर्न सकिनेमा १० पटक टुक्रा टुक्रा गरि एभरेष्ट नेटवर्क प्रा.लि. लाई रु १२७०१००।०० भुक्तानी गरेकोले खरिद कार्य मितव्ययी एवं प्रतिस्पर्धी नभएबाट खर्च अनियमित देखिएको रु १२७०१००.०

| भौ.नं, मिती | विवरण | रकम |
|---|---|---|
| १४०/२०७६/१/२२ | वडा नं २ को वडा कार्यालय,इलाका प्रहरी कार्यालय, प्राथमिक स्वास्थ्य केन्द्र | ११९२५०/- |
| १४१/२०७६/१/२२ | वडा नं १, स्वास्थ्य चौकी र शिशुवोधनी मा.वि | ११७७५०/- |
| १४२/२०७६/१/२२ | वडा नं १० कार्यालय, स्वास्थ्य चौकी र विद्या प्रवोधनी मा.वि | १२८२५०/- |
| १५१/२०७६/२/१ | वडा नं ४, पशुपती मा.वि र स्वास्थ्य चौकी | १२०७५०/- |
| १५१/२०७६/२/१ | वडा नं ९, मा.वि र स्वास्थ्य चौकी | ११९८५०/- |
| १५१/२०७६/२/१ | वडा नं ७, मा.वि र स्वास्थ्य चौकी | १२५२५०/- |
| १५१/२०७६/२/१ | वडा नं ८, मा.वि र स्वास्थ्य चौकी | १२३७५०/- |
| १५२/२०७६/२/१ | वडा नं ६, मा.वि र स्वास्थ्य चौकी | १६९०००/- |
| १५२/२०७६/२/१ | वडा नं ३, मा.वि र स्वास्थ्य चौकी | १२३७५०/- |
| २१७/२०७६/३/२७ | वडा नं ५, महाकाली मा.वि र भुवनेश्वरी मा.वि | १२२५००/- |

२९. **निर्माण कार्यको नापी सम्बन्धमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम सार्वजनिक निकायले प्राविधिक नापजाँच गरि नापी किताबमा उल्लेख गरेको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । उपभोक्ता समिती मार्फत हुने निर्माण कार्यमा लागत अनुमान गरि उपभोक्ता समितीसँग लागत सहभागिताको आधारमा सम्झौता हुने गर्दछ । निर्माण कार्य सम्पन्न पश्चात्त प्रविधिक नापी मूल्यांकनको आधारमा भुक्तानी गरिनुपर्दछ । नगरपालिकाले प्रायः सबै उपभोक्ता समितीमार्फत हुने निर्माण कार्यमा लागत अनुमान बराबर नै नापी तथा कार्यसम्पन्न तयार गरेको देखियो । लागत अनुमानको परिमाण बराबर कार्यसम्पन्न एवं नापी किताब तयार भई भुक्तानी भएबाट नापीको यर्थाथता एवम् वास्तविकता नरहन सक्ने हुन्छ । तसर्थ खुद काम भएको आधारमा नापी नगर्ने र लागत अनुमानकै अंक बराबर हुने गरि भुक्तानीको लागी सिफरिस गर्ने प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाई सबै योजनाको बास्तविक कामको छानबिन हुनुपर्ने देखिन्छ ।

<table>
<tr><td>३०.</td><td>कमलबजार नगरपालिका वडा नं ६ को ठाँटीखाँद जनाली सडक निर्माण : उक्त निर्माण कार्यको लागी कुल रु ४२,८९,०७७।२५ लागत अनुमान गरी नगरपालिकाले रु ३६,१०,०००।०० र उपभोक्ता समितीले रु ६,७९,०७७।५५(१५.८४ प्रतिशत) लागत व्यहोर्ने गरी सम्झौता गरेको देखिन्छ । विशेष अनुदान तर्फको बजेटबाट भौ.नं १, मिती २०७६।३।२६ मा कमलबजार न.पा को आ.ब. २०७५।७६ को वार्षिक कार्यक्रम अनुसार वडा नं ६ को ठाँटीखाँद जनाली सडक निर्माण उपभोक्ता समितीसँग २०७६।३।१५ मा सम्झौता गरि निर्माण कार्य २०७६।३।२९ मा सम्पन्न गरेको प्राविधिक मूल्यांकनको आधारमा त्रिपत्री निर्माण सेवा, मंगलसेन, अछामको बिजक अनुसार रु ३६,१०,०००।०० उपभोक्ता समिती मार्फत पेश भएको निर्माण सेवाको बिल रकम बराबर कार्यालयले भुक्तानी गरेबाट उपभोक्ता समिती बिच भएको सम्झौता अनुसारको कार्य निर्माण व्यवसायीबाट गराउनु उपयुक्त भएन ।</td><td></td></tr>
<tr><td>३०.१</td><td>कार्यालयले पेश गरेको कार्यसम्पन्न प्रतिवेदन रु ४२,८९,०७७।४५ उल्लेख गरेतापनि योजनामा पुरै लागत अनुमान तयार गर्दा मेशिनद्धारा गर्ने गरि ल.इ. तयार गरेको छ । लागत अनुमान बमोजिम परिमाण फरक नपारी कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ। कार्य सम्पन्न परिमाण प्रमाणित गर्ने डोजरका पुरै बिल पेश हुनुपर्नेमा रु ३६,१०,०००।०० को मात्र बिल पेश गरेबाट उक्त योजनामा कुल रु ३६,१०,०००।०० बराबरको कार्य गरेको,अवस्था रहेकोले उपभोक्ता समितीको १५.८४ प्रतिशत लागत सहभागिता घटाउँदा रु ३०,३८,१७६।०० उपभोक्ता समितीलाई भुक्तानी दिनुपर्नेमा, रु ३६,१०,०००।०० उपभोक्ता समितीले पेश गरेको बिल रकम भुक्तानी भएबाट रु ५७१८२४।०० बढि भुक्तनी गरेको देखियो । बिल भर्पाईको आधार बेगर प्राविधिक प्रतिवेदन तयार गर्ने प्राविधिकलाई जिम्मेवार बनाई बास्तविकता यकिन गरी बढी भुक्तानी असुल गर्नुपर्ने रु</td><td>५७१५२४.०</td></tr>
<tr><td>३१.</td><td>कार्यसम्पन्न अवधिः सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम उपभोक्ता समितीसँग सम्झौता गरि निर्माण कार्य गराउँदा तोकिए बमोजिमको अवधिमा कार्यसम्पन्न गराउनुपर्दछ । कमलबजार ढकारी सडक निर्माणको लागी रु ४१,२०,०००।०० को लागत अनुमान गरी कार्यालयले निम्नानुसार लागत अनुमान र सम्पन्न परिमाणको अवस्था उल्लेख गरेको छ । सम्झौता बमोजिम कार्यालयले रु ३५,१५,०००।०० भुक्तानी गरेको छ ।
<table>
<tr><th>कार्य विवरण</th><th>लागत अनुमान</th><th>सम्पन्न परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>रोड लेभलिङ्ग कार्य</td><td>२२५०० घ.मी</td><td>२२५०० घ.मी</td><td>१७१०</td><td>३८४७५०।००</td></tr>
<tr><td>रि ग्रभेलिङ्ग एण्ड कम्प्याक्सन वर्क</td><td>३३७५ घ.मी.</td><td>३३७५ घ.मी.</td><td>११०६।८७</td><td>३७३५६८६।३०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>४१,२०,०००।००</td></tr>
</table>
उपरोक्त अनुसार कुल कार्य ४१,२०,०००।०० को काम २०७६।३।१८ देखि शुरु गरी २०७६।३।२५</td><td></td></tr>
</table>

सम्ममा सम्पन्न गर्नुपर्ने उल्लेख गरेकोले ७ दिन कार्य अवधिमा उक्त कार्य सम्पन्नल गरेकोले कामको गुणस्तर यकिन हुन सकेन । तसर्थ, कार्यपरिमाण एवम् गुणस्तरको पुर्नःमूल्याङ्कन गर्नुपर्ने देखिन्छ ।

३२. **लागत अनुमान टुक्रा पारि एकै व्यक्ति अध्यक्ष र निर्माण व्यवसायीबाट बोरिङ्ग निर्माण** :कमलबजार नगर क्षेत्र तथा वरपरमा खानेपानी व्यवस्था गर्नको लागी निम्न बमोजिम लागत अनुमान तयार गरेको देखियो । सार्वजनिक खरिद ऐन २०६३को दफा ८ मा प्रतिस्पर्धा सिमीत हुने गरि लागत अनुमान टुक्र्याउन नपाइने व्यवस्था छ । कार्यालयले निम्नानुसार श्रोत व्यवस्था गरि लागत अनुमान तयार गरेको देखियो ।

| बजेट व्यवस्था | लागत अनुमान ( मु.अ.कर सहित) | सम्पन्न रकम( मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|
| सांसद विकास कोषबाट | ४९,२१,९४४।०० | ४९,२१,९४४।०० | उपभोक्ता समितीका अध्यक्ष बल बहादुर कुँवर |
| विशेष अनुदानबाट | २६,६९,११५।६२ | २५,७८,७१५।६२ | बल बहादुर कुँवर प्रोपराइटर प्रगतिशिल निर्माण सेवा |
| जम्मा | ७५,९१,०५९।०० | ७५,९१,०५९।०० | |
| पम्प हाउस निर्माण | ११,६६,८३०।०० | ११,६६,८३०।४५ | उपभोक्ता समितीमार्फत |

उपरोक्त अनुसार पम्प हाउस निर्माणको कार्य बाहेक एउटै प्याकेजको कामलाई उपभोक्ता समितीमार्फत गराउने गरी मु.अ.कर समेत रु ४९२१९४४।०० तथा ठेक्का बन्दोबस्तद्धारा रु २६६९११५।६२ को लागत अनुमान गरेको देखियो । उक्त निर्माण कार्य एउटै प्याकेजमा गर्न सकिनेमा दुई प्याकेज बनाई उपभोक्ता समिती र ठेकेदारबाट गराएको देखिन्छ । उक्त निर्माण कार्यमा एकै व्यक्तिले उपभोक्ता समितीको अध्यक्ष भै काम गरेको र सोही व्यक्ति प्रोपाइटर रहेको प्रगतिशिल निर्माण सेवाबाट पनि कार्य गराएकोले कार्यालयको खरिद व्यवस्थापन प्रक्रिया कमजोर एवम् प्रतिस्पर्धा समित हुने गरी खरिद कार्य गरेकोले नियमित नदेखिएको रु ७५९१०५९.०

३३. **ठेक्का व्यवस्थापन** : कार्यालयले लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा सम्पन्न गर्नुपर्नेमा निम्न बमोजिमका ठेक्का व्यवस्था आर्थिक वर्षको अन्तमा गरेको देखियो । आ.ब. को अन्तमा ठेक्का व्यवस्था हुँदा कार्यसम्पन्नमा ढिलाई हुने, ठेकेदारले वर्षामा सामग्री संकलन एवं ढुवानीमा समस्या रहने जस्ता कारण उल्लेख गरी पटक पटक म्याद थप माग गर्न सक्ने हुनाले प्रथम चौमासिक अवधिमा ठेक्का व्यवस्थापन हुनुपर्दछ ।

| योजनाको नाम | ल.ई.रकम (मु.अ.कर बाहेक) | सम्झौता रकम (मु.अ.कर बाहेक) | निर्माण व्यवसायी | भुक्तानी रकम | ठेक्का भएको |
|---|---|---|---|---|---|
| कोरिला ढुङ्गाला | ५०४९७५८.० | ४९७२४६६.० | न्यू जाल्पादेवी | २५८९८३६.० | |

| | | | | | |
|---|---|---|---|---|---|
| कवालेख सडक | | | निर्माण सेवा | (प्रथम बिल ) | तेश्रो चौमासिक |
| मोटरबाटो मष्टामण्डली तान्ती सडक | ५०५४५२०.० | ५००६४००.० | एल.पि.जी इन्जिनियरिङ्ग | २६४००४१.० ( प्रथम बिल) | तेश्रो चौमासिक |
| गौरीटाँड स्याउले मोटरबाटो | ५०१२०३४.० | ४९६९९३०.० | त्रिपत्री निर्माण सेवा | २४५६२८८.० (प्रथम बिल ) | तेश्रो चौमासिक |

| | | |
|---|---|---|
| ३४. | **जग्गा खरिद** : भौ.नं ४६ मिती २०७५।९।३० मा महाकाली माध्यामिक विद्यालयको लागी रु ९००००0।00 मा जग्गा खरिद बापत भुक्तानी गरेको देखियो । जग्गा खरिद विधि छनौट एवं जग्गाको मूल्य निर्धारणको आधार तथा संघियमामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र विपरित खरिद गरेको नियमित नदेखिएको रु | ९०००००.० |
| ३५. | **कमलबजार कर्वडहल निर्माण** : कमलबजार वडा नं ८ चौकागडा कवर्डहल निर्माणको लागी रु १६४१६३७०।९७ मु.ह.अ.कर बाहेकको कुल लागत अनुमान भएको रहेछ । यो वर्ष विशेष अनुदानतर्फ व्यवस्था गरेको बजेट रु ६० लाख मध्येबाट मु.अ.कर सहित रु ५६,९७,४४९।००को लागत अनुमान भएको देखिन्छ । उक्त कार्य बोलपत्रद्धारा गराउँदा सबैभन्दा घटि अंक कबोल गर्ने निर्माण व्यवसायी जनता निर्माण सेवासँग मू.अ.कर बाहेक रु ४९,६४,१३९।३८ को ठेक्का स्वीकृत गरेको देखियो । | |
| ३५.१ | **कार्यसम्पन्न अवधिः** सार्वजनिक खरिद एने,२०६३ को दफा ५२ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिमको कार्यसम्पन्न गर्न कार्यसम्पादन तालिका तथा तोकिएको समयमा काम सम्पन्न गर्न सकिने नसकिने व्यहोरा खुलाउनु पर्ने उल्लेख छ । त्यस्तै सावैजनिक खरिद नियमावली,२०६४ को नियम १११ मा खरिद सम्झौता कार्यान्वयन सम्बन्धि कार्ययोजना र कार्यतालिका तयार गर्नुपर्ने व्यवस्था गरेको छ । निर्माण व्यवसायी जनता निर्माण सेवासँग २०७६ असार मसान्तसम्ममा काम सम्पन्न गर्नुपर्ने गरि २०७६।२।२९ मा सम्झौता गरेको देखियो । मु.अ.कर सहित रु ५६,०९,४७३।८८ को ठेक्का एक महिनाको अवधिमा सम्पन्न हुने गरी सम्झौता गरेको देखियो । कार्य परिमाण सूची (Bill of Quantities) मा उल्लिखित कार्य गरेको कार्यसम्पन्न प्रतिवेदन पेश गरेको भएतापनि तोकिएको गुणस्तर एवं स्पेसिफिकेसन बमोजिम BOQ मा उल्लिखित पुरै कार्य परिमाण सम्पन्न भए नभएको छानबिन गर्नुपर्ने देखिन्छ । | |
| ३५.२ | **कार्यसम्पादन जमानत** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० बमोजिम कार्य सम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । निर्माण सम्पन्न अवधि २०७६ असार मसान्तसम्म रहेकोले त्यसको १३ महिना अर्थात २०७७ साउन मसान्त सम्मको हुनुपर्नेमा २०७७।३।३० सम्मको रु २८१०००।०० को जमानत रहेकोले जमानत म्याद बढाउनु पर्ने देखिएको छ । | |

३६. **कमलबजार क्षेत्रमा खानेपानी निर्माण :** कमलबजार क्षेत्रमा खानेपानी आपूर्ती व्यवस्थापनको लागी निम्नानुसार लागत अनुमान भएको देखियो ।

| सि.नं | कामको विवरण | लागत अनुमान (मु.अ.कर बाहेक) |
|---|---|---|
| १ | फेरोसिमेन्ट ट्याँक २० घ.मी. अमताको ४ वटा | ११८०४३६।०३ |
| २ | फेरोसिमेन्ट टयाँकको फिटिङ्स तथा पाइपलाइन | ३३८०४०२।६० |
| ३ | पाइपलाइनको काम | २३०३४३।७५ |
| ४ | टुल्स | ८०४५०।०० |
| | जम्मा | ४८,७१,६३२।३८ |

उक्त निर्माण कार्य गराउनको लागी बोलपत्र गरेकोमा छनौट भएका निर्माण व्यवसायी प्रगतिशिल निर्माण सेवा, अछाम सँग २०७६ असार मसान्तसम्ममा काम सम्पन्न गर्ने गरी कबोल अंक मु.अ.कर बाहेकको रु ४८,७१,५८६।६० को ठेक्का स्वीकृत गरी २०७६।२।२९ मा सम्झौता गरेको देखिन्छ । सम्झौता बमोजिमको कार्यसम्पन्न गरेको भनि निर्माण व्यवसायीलाई २०७६।३।३० मा मू.अ.कर समेत रु ५५,०४,८९२।८६ भुक्तानी गरेको देखियो, तत्तसम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन् :

३६.१ **काम बाँकी छँदै निर्माण सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्यसम्पन्न भएपछि निर्माण व्यवसायीले निर्माण भएबमोजिमको (एज बिल्ट) नक्सा सहित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले कार्यसम्पन्न प्रतिवेदन तयार गरेको भएतापनि लेखापरिक्षणको क्रममा २०७६।५।१६ मा निम्न बमोजिमका कार्यहरु गर्न बाँकी रहेको भनि साइट इन्चार्ज र इन्जिनियरले प्रमाणित गरेको प्रमाण पेश भएको छ । तर कार्यसम्पन्न प्रतिवेदनमा उल्लिखित पुरै कार्य गरेको भनी प्रमाणित गरि सम्झौता बमोजिमको पुरै रकम भुक्तानी गरेको देखियो । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नापजाँच गरि नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा विजकको भुक्तानी गर्नुपर्ने उल्लेख गरेकोमा नभएको काम नापी देखाई भूक्तानी गरेको देखियो । तसर्थ संलग्न प्राविधिक तथा बिल चेक जाँच गरी आर्थिक कारोबारको जिम्मेवारीमा रहेका कार्यालय प्रमुखलाई समेत जिम्मेवार बनाई पुरै योजनाको खर्च सम्बन्धमा छानबिन गर्नुपर्ने देखिएको छ । निम्न बमोजिम पाइपलाइनको कामको भुक्तानी गरीसकेकोमा पाइप लाइनको काम बाँकी भनी साइट इन्चार्ज र इन्जिनियरले उल्लेख गरेबाट उक्त काम प्रमाणित गर्ने, भुक्तानीको आदेश गर्ने एवं भुक्तानी गर्नेलाई जिम्मेवार बनाई मू.अ. कर सहित असुल गर्नुपर्ने देखिएको रु

| काम बाँकी पाइपको विवरण | परिमाण | दर | रकम(मु.अ.कर बाहेक) |
|---|---|---|---|
| एच.डि.पि पाइप ५० एम्.एम्.१० के.जी | १६५ मि. | ४००।०० | ६६०००।०० |
| एच.डि.पि पाइप ५० एम्.एम्.१० के.जी | १४३० मि. | ७४०।०० | ९१५२००।०० |
| एच.डि.पि पाइप ५० एम्.एम्.१० के.जी | १८७० मि. | ४३०।०० | ८०४१००।०० |
| एच.डि.पि पाइप ५० एम्.एम्.१० के.जी | ६६० मि. | ६००।०० | ३९६०००।०० |

३६०८४२९.०

<table>
<tr><td></td><td><table>
<tr><td>एच.डि.पि पाइप ५० एम्.एम्.१० के.जी</td><td>३३० मि.</td><td>९००।००</td><td>२९७०००।००</td></tr>
<tr><td>जि.आइ.पाइप</td><td>४४५५ मि.</td><td>१०००।००</td><td>७१५०००।००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३१,९३,३००।००</td></tr>
</table>
पेश भएको नापी किताब अनुसार एच.डि.पि. पाइप तथा फिटिङको कार्य लागत अनुमान अनुसार ५०६० मी पाइप लाइनको काम गर्नुपर्नेमा ४४५५ मी को कार्य बाँकी रहेकोले ६०५ मी पाइप लाइनको कार्य मात्र गरेको उल्लेख छ ।</td><td></td></tr>
<tr><td>३६.२</td><td>मिती २०७६।५।१७ मा लेखापरिक्षणको क्रममा कमलबजार नजिकको २ वटा फेरोसिमेन्ट ट्याँककोमात्र निरिक्षण गर्दा ट्याँकी निर्माण भएको, डिष्ट्रीब्युसन चेम्बरको काम तथा पाइप फिटिङको कार्य गरेको देखिएन । ठेक्का सम्झौता बमोजिमको अन्य निर्माण कार्यहरु तोकिएको परिमाण स्पेशिफिकेसन एवं गुणस्तर बमोजिमको भए नभएको पूरै छानबिन गर्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>३६.३</td><td>कार्यसम्पादन जमानतः सार्वजनिक खरिद नियामवली, २०६४ को नियम ११० मा कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढि अवधिको हुनुपर्ने उल्लेख छ । निर्माण सम्पन्न अवधि २०७६ असार मसान्त रहेकोले त्यसको १३ महिना थपको जमानत लिनुपर्नेमा २०७६ असारको मात्र रहेकोले म्याद बढाउनुपर्छ ।</td><td></td></tr>
<tr><td>३७.</td><td>करकट्टी दाखिला : आयकर ऐन,२०५८ बमोजिम कट्टी भएका विभिन्न करहरु नेपाल सरकारको राजश्व खातामा दाखिला हुनुपर्नेमा, तपशिल बमोजिमका व्यक्तिहरुले विभिन्न कार्यक्रम संचालन गर्दा करकट्टी गरी दाखिला नगरेकोले असुल गरी दाखिला हुनुपर्ने रु
<table>
<tr><th>गो.भौ.न,मिती</th><th>व्यक्तिको नाम</th><th>करको प्रकार</th><th>रकम</th></tr>
<tr><td>१२/२०७५।९।२५</td><td>डम्मरा साउद</td><td>पारिश्रमिक कर</td><td>५२६५।००</td></tr>
<tr><td>१२/२०७५।९।२५</td><td>डम्मरा साउद</td><td>बहाल कर</td><td>९००।००</td></tr>
<tr><td>१४/२०७५।१२।२७</td><td>पबित्रा भण्डारी</td><td>पारिश्रमिक कर</td><td>६३००।००</td></tr>
<tr><td>११/२०७५।१२।४</td><td>लेग बा नेपाली(गाडी चालक)</td><td>बहाल कर</td><td>३५००।००</td></tr>
<tr><td>१९/२०७६।३।२६</td><td>काशिराम बजगाई (गाडी शाहू)</td><td>बहाल कर</td><td>५२००।००</td></tr>
</table></td><td>२११६५.००</td></tr>
<tr><td>३८.</td><td>स्पेशिफिकेसन :सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा सोझै खरिद गर्ने सम्बन्धी व्यवस्था छ । कार्यालयले औषधी लगायतका मालसामान सोझै खरिद गर्दा उक्त नियममा भएको व्यवस्थाको परिपालना गरेको पाइएन । सार्वजनिक खरिद नियमावलीले तोके बमोजिम मालसामानको स्पेसिफिकिसेन बमोजिम लागत अनुमान तयार गर्ने, दररेट माग गर्दा लिखित रुपमा कम्तिमा तीनवटा आपूर्तिकर्ताबाट माग गर्ने, न्यूनतम कबोल गर्ने आपूर्तिकर्ताबाट खरिद गर्ने र सामानको प्राप्तीपछी स्पेसिफिकेसन बमोजिम आए नआएको यकिन गरेर मात्र भुक्तानी गर्नुपर्नेमाल भौचर नं ४, मिती २०७५।१।१६ बापत उग्रतारा ट्रेडिङ हाउसलाई भुक्तान गरेकोले प्राविधिक मूल्यांकन बेगर खर्च लेखेकोले नियमको पालना नभएको रु..</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | | २०२७९०.० |
| | **सशर्त कार्यक्रम कार्यान्वयन निर्देशिका पालना नभएको :** | |
| ३९. | भौचर नं १५१, मिती २०७६।३।६ शिक्षण सिकाइमा ICT को प्रयोग ( क्रियाकलाप नं २.१५.११.७९४) बमोजिम अनुदान प्रदान गर्ने स्थानीय तहले इन्टरनेट पहुँच भएको तथा नियमित विद्युतको आपूर्ति भएका विद्यालयहरुको विवरण तयार गरी ती विद्यालयबाट प्रस्ताव माग गरी प्रस्तावहरुको मूल्याङकनको आधारमा विद्यालय छनौट गर्नुपर्नेमा, त्यस्तो प्रस्ताव माग भएको पाइएन । यसर्थ सशर्त अनुदान रकमको खर्च निर्देशिका पालना गरि गर्नुपर्ने देखिन्छ । | |
| ४०. | भौचर नं १५१, मिती २०७६।३।६, निर्देशिकाको क्रियाकलाप नं २.१५.११.७९४ गणित,विज्ञान र अँग्रेजी विषयका लागी क्रियाकलापमा आधारित Kits अनुदान बापत प्राप्त रकम रु १५००००।००, नगरपालिकाले विगतमा यस प्रकारको अनुदान नपाएका आधारभूत तह (६-८) का लागि विद्यालयहरु एकिन गरि प्राप्त बजेटको परिधिभित्र रही तिन आधारभूत विद्यालयलाई रु ५००००।०० दरले अनुदान उपलब्ध गराउनुपर्नेमा, कात्यायानी मा.बि लाई एकमुष्ठ अनुदान निकासा दिइएकाले निर्देशिकाले किटान गरेको आधारभन्दा फरक गरि निकासा गरेको नियमित गरिनुपर्ने रु | १५००००.०० |
| ४१. | भौचर नं १७०, मिती २०७६।३।२६, तोकिएको सूचकाङ्कका आधारमा कार्यसम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान ( क्रियाकलाप नं २.१५.११.७८६) बापतको रकम निकासा गर्दा नगरपालिकाले विद्यालयहरुसँग प्रस्ताव माग गर्नुपर्ने र सोको मूल्याङ्कनको आधारमा प्रति विद्यालय रु ५००००।०० का दरले उपलब्ध गराउन पर्ने व्यवस्था छ । यस नगरपालिकालाई अनुदान प्राप्त रु २५००००।०० ५ वटा विद्यालयलाई रु ५००००।०० का दरले निकासा गर्नुपर्नेमा, विधाप्रवोधनी मा.बि, घोडासैनीलाई एकमुष्ट रु २०००००।०० र कालिका आ.बि लाई रु ५००००।०० निकासा गरेको र सोको कुनै आधारसमेत पेश नभएकोले निर्देशिकामा उल्लिखित प्रावधान बेगर खर्च भएकोले निर्देशिका पालना गर्नुपर्ने देखिन्छ । | |
| ४२. | सामुदायिक सिकाई केन्द्र संचालन अनुदान ( क्रियाकलाप नं २.१५.११.७७९) बापतको रकम निकासा दिंदा, सिकाई केन्द्रको व्यवस्थापन समितीले गरेको, सिफारिस स्थलगत निरिक्षण प्रतिवेदनका आधारमा, हाजिरी प्रमाण प्राप्त भएपछि सामुदायिक परिचालकको पारिश्रमिक रकम उपलब्ध गराई बाँकी रकम केन्द्रको प्रस्तावका आधारमा उपलब्ध गराउनुपर्नेमा तपशिल सामुदायिक केन्द्रलाई कुनै पनि उल्लिखित प्रक्रिया पूरा नगरि रु २०००००।०० का दरले निकासा दिइएको रकम नियमित गरिनुपर्ने रु | ८०००००.० |

| सि.नं | सामुदायिक सिकाई केन्द्र | रकम |
|---|---|---|
| १ | वाङ्डी अछाम सामुदायिक सिकाई केन्द्र | २०००००।०० |
| २ | सामुदायिक अध्ययन केन्द्र | २०००००।०० |

| | | |
|---|---|---|
| ३ | सिर्जनशिल सामुदायिक केन्द्र | २०००००।०० |
| ४ | आदर्श सामुदायिक केन्द्र | २०००००।०० |
| जम्मा | | ८०००००।०० |

४३. **कार्यसम्पादन प्रतिवेदन बिना भुक्तानी :** दुई कोठे नयाँ कक्षा कोठा सहित फर्निचर निर्माण (ल्याब, लाइब्रेरी समेत ), क्रियाकलाप नं ८.२.३.३१.१०, बापत प्राप्त अनुदानको कुल रकम रु ३२०००००।०० तपशिल बमोजिमका विद्यालयलाई १६०००००।०० दरले  मिती २०७६।३।६ मा भुक्तानी भएकोमा सोको प्राविधिक मूल्याङ्कन एवम् कार्यसम्पन्न प्रतिवेदन नरहेकोले, सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) बमोजिम, कार्यसम्पन्न प्रतिवेदन पेश भई स्वीकृती पश्चातमात्र भुक्तनी हुनुपर्नेमा सो हुन नसकेको साथै निर्देशिका बमेजिम उक्त रकम तीन किस्ता गरि पहिलो किस्तामा ३० प्रतिशत, दोश्रोमा Structural Part को कार्यसम्पन्न भएपश्चात्त ५० प्रतिशत र तेश्रो कार्य सम्पन्न गरे पश्चात नापी किताब भरी कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरि अन्तिम किस्ता २० प्रतिशत भुक्तान गर्नुपर्नेमा सो कुरा पनि नगरि एममुष्ट १०० प्रतिशत निकासा गरेकोले प्रमाणित कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु ३२०००००.०

| सि.नं | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | शिशुबोधनी मा.बि, मूली | १६०००००।०० |
| २ | पशुपति मा.बि, चाल्सा | १६०००००।०० |
| जम्मा | | ३२०००००।०० |

४४. **कागजात पेश नभएको :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितीमार्फत निर्माण कार्य गराउँदा कार्यलयले  लागत अनुमान स्वीकृत गरी सम्बन्धित उपभोक्ता समितीसँग सम्झौता गर्नुपर्ने व्यवस्था रहेकोमा, देहाय बमोजिमका योजनाहरुको लागत अनुमान र उपभोक्ता समितीसँग सम्झौताको कागजात पेश नभएकोले सम्झौता पेश हुनुपर्ने रु १६८४०८४.४

| सि.नं | योजना | भुक्तान रकम |
|---|---|---|
| १ | गौरीटाँड चाल्सा सुनपिपल सडक | ५५५१२५।०० |
| २ | ढाँकु सरेन सडक मर्मत | ५३२१७२।०० |
| ३ | कमलबजार घोडेढुँगा ग्रामिण सडक | ५९६७८७।४ |
| जम्मा | | १६८४०८४।४० |

४५. **लागत अनुमान बराबरकै कार्यसम्पन्न प्रतिवेदन पेश भएको:** सार्वजनिक खरिद नियमावलीको नियम ९७ बमोजिम योजनाको लागत अनुमान तयार गरि उपभोक्ता समितीसँग सम्झौता गरि उपभोक्तले व्यहोर्नुपर्ने अंश समेत खुलाउनुपर्ने उल्लेख छ। सोही बमोजिम उपभोक्ता समितीले कार्यसम्पादन गरि सोको नाप जाँच कार्यालयले गरि, कार्यसम्पादन मूल्याङ्कनका आधारमा भुक्तान गर्नुपर्दछ। निम्न बमोजिमको योजनाहरुको कार्यसम्पादन प्रतिवेदनमा खुलाईएको कार्यसम्पादनको रकम र लागत अनुमानको रकम बराबर हुन आएकोले नाँप जाँचका क्रममा प्राविधि त्रुटि भएको वा नियतवश सो व्यहोराको कार्यसम्पन्न प्रतिवेदन पेश गरिएको छुट्याउन सकिने अवस्था रहेन,त्यसको उदाहरण

निम्नानुसार रहेका छन् :

| योजना | लागत अनुमान रकम रु | कार्यसम्पन्न रकम रु |
|---|---|---|
| कमलबजार कोटिला भिरकोट सडक मर्मत | १७०४५६६।५० | १७०४५६६।५० |
| स्याउले ओडारखेत मंगलसेन ग्रामीण सडक | ५९३८५२।८२ | ५९३८५२।८२ |

४६. **सामाजिक सुरक्षा अनुदान :** सामाजिक सुरक्षा भत्ता वितरणका लागि यस कार्यालयलाई रु.५ करोड ९५ लाख ४ हजार बजेट विनियोजन भईरु.५ करोड ९५ लाख ४ हजार निकासा भई खर्च रु.५ करोड ७४ लाख ९६ हजार २ सय गरि बाँकी रु.२,०७,८००।- संघीय संचित कोषमा फिर्ता गरेको प्रमाण पेश भएको छ । स्वीकृत इकाइगत लेखापरीक्षण योजना अनुसार बढी निकासा एवं खर्च भएका पहिलो ( ५ नं. वडा ) र पाँचौ ( ४ नं. ) वडाको भरपाई परिक्षण गरिएको र अन्य वडाको सामाजिक सुरक्षा खर्चको हकमा पेश्की खर्च, बैंक दाखिला रकम र वित्तिय सूचना प्रणाली (MIS)र मन्त्रालयबाट प्राप्त विवरणलाई मात्र भिडान गरी परिक्षण गरिएको छ । पेश्की फाँटवारी परिक्षण गर्दा देखिएका व्यहोराहरु देहाय अनुसार छन् :

४६.१

- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ता रकम नगरपालिकामा बैंक मार्फत गरिने गाउँपालिकमा बैंकिङ्ग सुविधा भए बैंक मार्फत भत्ता वितरण गरिने व्यवस्था मिलाउने उल्लेख छ । यस वर्ष नगरपालिकाले सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडाका सचिवलाई पेश्की दिदैं भरपाईका आधारमा नगद वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनिय बनाउन बैंकिङ्ग प्रणाली भएका क्षेत्रमा बैंक मार्फत वितरण गर्नुपर्दछ ।

- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । तर कार्यालयले मूल अभिलेख खाता वडा कार्यालयमा रहेको जनाई लेखापरीक्षणका लागि पेश नगरेको, अन्य विषयका हकमा उमेर पुरा भएपछिवा भत्ता पाउने भएपछि अभिलेखमा फोटो तथा ल्याप्चे नलगाई सोझै सफ्टवेयर इन्ट्री गरेको, सम्वन्धित वडाबाट नामनामेसी सहित अभिलेख व्यवस्थित गरी सिफारिस सहित कागजात प्राप्त भएपछि MIS मा प्रविष्ट गर्नुपर्नेमा सोझै गर्ने गरेको, अनुसूची ८ मा थप भएका र हराएका व्यक्तिको विवरण भरि प्राप्त

<table>
<tr><td></td><td>नभएको केही नामनामेसी सफ्टवेयरबाट सोझै हटाउने र थप्ने कार्य भएको, वित्तिय सूचना प्रणालीमा सामान्य कुरा फरक भएमा समेत भिडान भई नामनामेसी प्रविष्ट गरेको, एउटै नागरिकता नं. भएकाको समेत MIS मा प्रविष्ट भएबाट वित्तिय सूचना प्रणाली भरपर्दो र विश्वसनिय नभएकाले सम्बन्धित निकायले सो प्रणालीमा भत्ता पाउनेको नामनामेसी दोहोरो नपर्ने गरी System बाट नियन्त्रण हुने गरी व्यवस्थित गर्नुपर्दछ ।<br>कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मृत्यू, बसाई सराई) व्यवस्थित अभिलेख नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची ८ (क) नपठाएको र अभिलेख समेत पेश नगरेबाट भिडान गर्न सकिएन ।</td><td></td></tr>
<tr><td></td><td>आन्तरिक आय</td><td></td></tr>
<tr><td>४७.</td><td>आन्तरिक आय : आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(१) बमोजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा १३(१) बमोजिम आफ्नो जिम्मा भएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । यस वर्ष कार्यालय र अन्तर्गतका वडा कार्यालयबाट मालपोत, सिफारिस, पञ्जिकरण, लगायतका शीर्षकमा आन्तरिक आम्दानी गरेकोनगदी रसिदनियन्त्रण खाता राखेको देखिएन । म.ले.प. फा नं.१०८, १०८(क) समेतको लेखा नराखेबाट असूली भएको रकम दाखिला भएको यकिन गर्ने अवस्था रहेन । नगदी रसिद नियन्त्रण खाता, नगदी रसिद र वैंक दाखिला रकम भिडान हुने गरी लेखा नराखेका कारण असुल भएको रकम हिनामिना समेत हुने संभावना देखिएकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका राजस्वको लेखा राख्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td>राजश्व परिक्षण गर्दा देखिएका व्यहोराहरु देहाय अनुसार छन् :</td><td></td></tr>
<tr><td>४८.</td><td>नगरपालीकाले यसवर्ष नगदी रसिद तर्फ ९५ र मालपोत तर्फ १३ ठेली वितरण गरी राजश्व संकलन गरेको छ । यसरी वितरण गरिएका राजश्वका ठेलीहरु स्टोर दाखिला भई वितरण गर्नुपर्ने व्यवस्था छ । स्टोर दाखिला नभई वितरण नगरिएकोले राजश्व बाट प्राप्त रकम समेत एकिन गर्न सकिने अवस्था देखिएन । केही राजश्व ठेलीको कैफियत अवस्था देहाय बमोजिम छ :<br>
<table>
<tr><th>वडा नं.</th><th>रसिद नं.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>१-१००</td><td>एकै नम्बरका २ वटा ठेली वितरण .</td></tr>
<tr><td>३</td><td>१-१००</td><td>एकै नम्बरका २ वटा ठेली वितरण</td></tr>
<tr><td>५</td><td>१-१००</td><td>एकै नम्बरका २ वटा ठेली वितरण</td></tr>
<tr><td>६</td><td>१-१००</td><td>एकै नम्बरका ३ वटा ठेली वितरण</td></tr>
<tr><td>७</td><td>१-१००</td><td>एकै नम्बरका ४ वटा ठेली वितरण</td></tr>
</table>
यसरी एकै सिरियल नम्बरका दुई वा सोभन्दा बढी राजश्वका ठेलीहरु जारी हुँदा राजश्वको हिनामिना</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>हुनसक्ने अवस्थामा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४९.</td><td>नगरपालीका बाट वितरण भएका निम्न राजश्व ठेलीहरु लेखापरीक्षणको क्रममा प्राप्त नभएकोले उक्त ठेलिबाट सोबापत प्राप्त भएको रकम एकिन गर्न सकिएन, तसर्थ ठेलि प्राप्त गरी रुजु गरि रकम यकिन गर्नुपर्ने रु
<table>
<tr><th>वडा नं.</th><th>ठेली नं.</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>३</td><td>१ (३०१-४००)</td><td>१४,६५०.००</td><td>मालपोत ठेली</td></tr>
<tr><td>७</td><td>१ (१-१००)</td><td>०.००</td><td>दिपक भण्डारीले बुझेको राजश्व ठेली</td></tr>
</table></td><td>१४६५०.००</td></tr>
<tr><td>५०.</td><td>बहुक्षेत्रीय पोषण कार्यक्रम : १५- २०७५।१२।२८ बहुक्षेत्रीय पोषण योजना अर्न्तगत नगरस्तरीय खाद्य सुरक्षा समितीको वैठकमा नन्दराम चलाउने लाई रु.३८२५ र सरिता ढ्वाललाई रु.२५५० गरी रु.५१०० वितरण भएकोमा उक्त रकमको भर्पाई लेखापरिक्षणको बखतमा पेश नभएकोले भर्पाई पेश गरि नियमित गरिनुपर्ने रु.</td><td>५१००.००</td></tr>
<tr><td>५१.</td><td>तलवी प्रतिबेदन : निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका निजामती तथा स्वास्थ्य, शिक्षातर्फका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन पारीत गराई मात्र तलब खर्च लेख्नुपर्नेमा कार्यालयले तलबी प्रतिबेदन पारित गराएको छैन । तसर्थ तलवि प्रतिबेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५२.</td><td>अनुगमन खर्च सम्वन्धमाः कार्यालयले विभिन्न मितिमा विभिन्न कार्यक्रममा अनुगमन तथा मूल्याकंन गरेको तथा कार्यक्रमको लागि भ्रमण गरेको भनी यो बर्ष कुल रु ३९२८९६५।००.खर्च गरेको छ । कार्यालयले भ्रमणको अभिलेख तयार गरेको छैन । भ्रमण अभिलेख नहुदा कुन कर्मचारी तथा पदाधिकारीले के प्रयोजनको लागि कति समय अनुगमन तथा भ्रमण गरे भनी बिश्लेषण गर्न सकिएन । अनुगमन तथा भ्रमण गर्दा भ्रमणको उद्धेश्य तथा प्रयोजन प्रस्ट खुलाउने गरेको छैन । दैनिक भ्रमण भत्ता बापत खर्च लेखिएकोमा कार्यक्रम भ्रमण पश्चात प्रतिवेदन तयार गरी कार्यालयमा पेश नगरिएको कारणले सम्बन्धीत कर्मचारी तथा पदाधिकारीहरुले सम्बन्धीत कार्यक्रमको प्रयोजनको लागि नै भ्रमण गरेको हो वा होइन भनी यकीन गर्न सकिएन । यसरी खर्च गर्ने परिपाटिमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५३.</td><td>बैठक भत्ता : सुदुरपश्चिम प्रदेश बाट पारीत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ मा तोकिएको सुविधामात्र कार्यालयले पदाधिकारीहरुलाई उपलब्ध गराउनुपर्दछ ।उक्त ऐनमा बैठक भत्ता सम्बन्धी कुनै व्यवस्था नभएतापनि कार्यालयले यो बर्ष पदाधिकारी लगायतको बैठक भत्तामा कुल ४३,३५,०००/००भुक्तानी गरेको छ । पदाधिकारीलाई दिने सुविधा कानूनमा स्पष्ट व्यवस्था नभएको खर्च कानुन सम्मत नदेखिएको रु.</td><td>४३३५०००.००</td></tr>
<tr><td>५४.</td><td>स्थानिय तहका पदाधिकारी सुविधा : नेपालको संविधानको धारा २२७ मा गाउंसभा तथा नगरसभाका</td><td></td></tr>
</table>

सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था  अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पञ्चदेवल विनायक नगरपालीकाले देहायबमोजिम रु.११२६०२००।- सुविधा बापत भुक्तानी गरेको छ ।

| सि.नं. | विवरण | प्रमुख | उपप्रमुख | वडाअध्यक्ष १० जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ३५ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक सुविधा | ४२०००० | ३६०००० | २६४०००० | ८६४००० | २५२०००० | |
| २ | सञ्चार सुविधा | १९२०० | १८००० | ८४००० | ० | ०.०० | १२१२०० |
| ३ | बैठक भत्ता | ६९००० | ६९००० | १२३०००० | ५५२००० | २४१५००० | ४३३५००० |
| जम्मा | | ५०८२०० | ४४७००० | ३९५४००० | १४१६००० | ४९३५००० | १,१२,६०,२००.० |

५५. **सोझै खरिद :**सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा सोझै खरिद गर्ने सम्बन्धी व्यवस्था छ । तर कार्यालयले कार्यालय सामान, औषधी लगायतका मालसामान सोझै खरिद गर्दा उक्त नियममा भएको व्यवस्थाको परिपालना गरेको पाइएन । सार्वजनिक खरिद नियमावलीले तोके बमोजिम मालसामानको स्पेसिफिकिसेन बमोजिम लागत अनुमान तयार गर्ने, दररेट माग गर्दा लिखित रुपमा कम्तिमा तीनवटा आपूर्तिकर्ताबाट माग गर्ने, न्यूनतम कबोल गर्ने आपूर्तिकर्ताबाट खरिद गर्ने र सामानको प्राप्तीपछी स्पेसिफिकेसन बमोजिम आए नआएको यकिन गरेर मात्र रकम भुक्तानी गर्नुपर्नेमा सो गरेको पाइएन । उल्लेखित कमजोरीमा सुधार हुनुपर्दछ । त्यस्ता खरिदका केही उदाहरण निम्न छन् :

| सि.नं. | गो.भौ.नं र मिति | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | २३, ०७५/०६/१६ | न्यू केपी स्टोर एण्ड सप्लायर्स | १०१०२२.०० |
| २ | २२,२०७५/०६/१६ | न्यू केपी स्टोर एण्ड सप्लायर्स | १२०८०६.० |
| ३ | १५३,२०७५/१०/२९ | न्यू केपी स्टोर एण्ड सप्लायर्स | १८५७००.०० |
| जम्मा | | | ४०७५२८.०० |

५६. **दोहोरो तथा बढी भत्ता भुक्तानी :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ मा दोहोरा भ्रमण खर्च लेख्न नपाइने  र नेपाल सरकार, अर्थ मन्त्रालय कार्यक्रम संचालन निर्देशिका, २०७३ को ७.१.१ मा कार्यलय समय भित्र कार्यालयका कर्मचारीहरु मात्र बैठक बसी बैठक खर्च लेख्न नपाइने उल्लेख छ । तर कार्यालयले नियम विपरित तपसिल बमोजिमको एउटै मितिको बैठक भत्ता र भ्रमण खर्च तथा दोहोरो भ्रमण खर्च लेखेको पाइयो । त्यसैले प्रचलित कानूनी व्यवस्था विपरित हुने गरी भुक्तानी भएको तपसिल बमोजिमको रकम असूल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रकम रु. २९,६५०.०

| क्र.स. | भौ.नं. र मिति | विवरण | असूल हुनुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १६, २०७५/०६/२३ | नगरपालिकाका वडा अध्यक्ष रामबहादुर शाह मिति | १०९५०.०० | कार्यालयमै रही बैठक भत्ता बुझि |

| | | | | |
|---|---|---|---|---|
| | | मिति २०७५/०५/१९ देखि २५ सम्म सरकारी कामकाजले धनगढी गएको देखाइ सोही समयको भाद्र २२ गते मासिक बैठक बसेको देखाइ बैठक भत्ता बुझिलिएको देखिएकोमा दोहोरो भत्ता असुल उपर गर्नुपर्ने | | काज भ्रमण देखाएको |
| २ | १३१, २०७५/१०/१५ | वडा नं. ०५ का वडाअध्यक्ष नन्दराज चलाउनेले २०७५।०५।०२ देखि ०८ सम्म भ्रमणभत्ता बुझिलिएकोमा सोही अवधिको २०७५।०५।०३ वडा कार्यालयको बैठकबसी बैठकभत्ता समेत भुक्तानीलिएकोमा दोहोरो भत्ता असूल गर्नुपर्ने रु. | ९३५०.०० | दोहोरो भुक्तानी बुझेको |
| ३ | ९७, २०७५/०९/२६ | वडा नं. ०४ का वडाअध्यक्ष ललित ढोलीले २०७५।०६।१५ देखि २१ सम्म काज स्वीकृत गराइ दैनिक भ्रमण भत्ता रु९३५० बुझिलिएकोमा सोही अवधिको २०७५।०६।१६ वडा कार्यालयको बैठकबसी बैठकभत्ता समेत भुक्तानीलिएकोमा दोहोरो भत्ता असूल गर्नुपर्ने रु. | ९३५०.०० | दोहोरो भुक्तानी बुझेको |
| जम्मा | | | २९,६५०.० | |

५७. **औषधी खरिद :** भौ.नं. ३१, २०७५।०९।२६ मा कार्यालयले कोटेशनको माध्यमद्धारा साहारा मेडिसिन डिष्ट्रिव्युटर्स बाट रु. १४,९२,८२३।०० औषधी खरिद गरेकोमा वित्तीय समानीकरण शीर्षकको भौचर नं. ३४, मिति २०७५।०९।२७ मा सोही फर्मबाट एउटै प्रकृतिका औषधी सोझै खरिद गरी भुक्तानी दिएको थियो । शिलबन्दी दरभाउपत्र र सोझै खरिद हुंदाका ५ प्रकारका औषधी नमूना छनौट गरी दर भिडान गर्दा देहायअनुसारको फरक रहेको पाइयो । सोझै खरिद गरी बढी व्ययभार पारेकोले खर्च रकम नियमसँगत नदेखिएको रु

| सि.नं. | औषधीको प्रकार | शिलबन्दीको दर प्रति इकाइ | सोझै खरिदकोदर | सोझै खरिद परिमाण | फरक दर | फरक रकम |
|---|---|---|---|---|---|---|
| १ | metronidazole | २.६ | २.७ | ५०००.०० | ०.१ | ५००.०० |
| २ | Sulphamethoxane | ५.०० | ५.३५ | ९०००.०० | ०.३५ | ३१५०.०० |
| ३ | Vitamin B complex | १.७ | २.५५ | १०००० | ०.८५ | ८५०.०० |
| ४ | Almunium Hydro | १.७ | १.८ | ५०००.०० | ०.१० | ५००.०० |
| ५ | Benzoic Acid | ८० | ८६ | १०० | १.७२ | ६००.०० |
| | जम्मा | | | | | ५६००.०० |

५,६००.००

५८. **आमा सुरक्षा कार्यक्रम :** कार्यालयले आमा सुरक्षा कार्यक्रम अन्तर्गत नगरपालिका अन्तर्गत के कती महिला सुत्केरी भए भन्ने सम्बन्धमा एकिकृत तथ्याकं तयार गरेको पाइएन । गोश्वारा भौचरबाट भुक्तानी भएको तथ्याकं अनुसार प्रति सुत्केरी इकाइ मूल्य अनुदानबापत सामान्य शल्यक्रिया बापत प्रति सुत्केरी रु १००० का दरले र जटिल शल्यक्रियाको लागि प्रति सुत्केरी रु ३००० का दरले सम्बन्धित स्वास्थ्य संस्थाहरुलाई कुल रु ७५९०००।०० रकम उपलब्ध गराएकोमा त्यस्तो रकम सम्बन्धित संस्थाको खातामा राखेको वा सम्बन्धित कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप बितरण गरेको प्रमाण पेश हुन आएन । तसर्थ निर्देशिकाले तोकेबमोजिम उक्त रकम बितरण गरे नगरेको सम्बन्धमा एकिन गर्नुपर्दछ ।

५९. **सुरक्षित मातृत्व -**: आमा सुरक्षा कार्यक्रम कार्यबिधि निर्देशिका, २०६५ बमोजिम प्रसुति महिलाले प्रोटोकल अनुसार स्वास्थ्य जाँच (4ANC)गराएमा प्रति प्रसुति लाई रु.८००।- साधारण प्रसुति सेवा प्रदान गरेवापत स्वास्थ्य संस्थालाई प्रति प्रसुतिको अनुदान १००० र प्रसुति आमालाई यातायात खर्च बापत प्रति रु.२०००।- भुक्तानी गर्ने व्यवस्था छ । भौ.नं.१७३, मिती २०७६।०३।२६ मा तपसिलका स्वास्थ्यसंस्थालाई साधारण प्रसुति सेवा प्रदान गरेबापतको रकम भुक्तानी गर्दाको बढी भुक्तानी रकम २७४००।०० असूल गर्नुपर्ने रु.

| स्वास्थ्य संस्था | प्रसुति सेवा प्रदान गरेको संख्या | भुक्तानी भएको संख्या | बढी भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| चाल्सा | २३ | २१ | ६०००.०० | यातायात र अनुदान |
| घोडासैन | १७ | १६ | ३०००.०० | ” |
| मष्टामण्डाली | २२ | २१ | ३०००.०० | ” |
| वीरपथ | १२ | ०९ | ९००० | ” |
| मुली | ५ | ५ | ८०० | ANC चेकअप |
| मष्टामण्डाली | २२ | २१ | ८०० | ” |
| ढांकु | ९ | ६ | २४०० | ” |
| वीरपथ | १२ | ९ | २४०० | “ |
| | | जम्मा | २७४००.०० | |

२७,४००.००

६०. **बढि भुक्तानी-**:आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(८) बमोजिम कुनै रकमको भुक्तानी दिदा रीत पूगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गो.भौ.न.-१०/०७४-१०-९ बाट प्राथमिक स्वास्थ्य केन्द्र कमलबजार लाई साधारण प्रसुती सेवा प्रदान गरे बापत प्रति प्रसुतीको अनुदान र ४२ जना प्रसुती आमालाई यातायात शुल्क समेत गरी रु. ८४०००।- दिनुपर्नेमा रु.९००००।-अनुदान बापत वैंक खातामा जम्मा गरिएको हुँदा बढी जम्मा गरेको रु.६०००।- असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रुं

६,०००.०

६१. **बढी तलबभत्ता भुक्तानी :** नगरपालिकामा कार्यरत स्टाफ नर्स रीना जोशी र हेल्थ असिस्टेन्ट अरुण कुमार शाहले पालिकबाट सरुवा भइ रमाना लिइसकेपश्चात २०७५ कार्तिक र मंसिर महिनाको तलबभत्ता भुक्तानी भएकोमा बढी तलबभत्ता असुल गर्नुपर्ने रु

| क्र.सं. | कर्मचारीको नाम र पद | बढी भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| १ | हे.अ. अरुणकुमार शाह | ७२६८७.०० | |
| २ | स्टाफ नर्स रीना जोशी | १२२१९.०० | संचयकोष र बीमा रकम मात्र बांकी दाखिला भइसकेको |
| जम्मा | | ८४९०६.०० | |

८४,९०६.००

६२. **दोहारो भत्ता :** भौ.नं. ३३, २०७५।०९।२७ हेल्थ असिस्टेन्ट सरिताकुमारी दुवालले जिल्ला स्वास्थ्य कार्यालय अछाममा क्षयरोग औषधी ढुवानी गर्न गएको भनी दैनिक भ्रमण भत्ता भुक्तानी लिएकोमा सोही अवधिमा २०७५।०८।२९ मा क्षयरोग कुष्ठरोग कार्यक्रम संचालन गरी प्रतिवेदनबापतको रकम

<table>
<tr><td></td><td>भुक्तानी लिएकोमा दोहारो र बढी भुक्तानी ५५८० असुल गर्नुपर्ने रु.</td><td>५,५८०.००</td></tr>
<tr><td>६३.</td><td>पेश्की बांकी : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम दिएका पेश्कीहरु नियमअनुसार फछ्र्यौट गर्नु पर्दछ।निम्नबमोजिमका पदाधिकारी, कर्मचारी, उपभोक्ता समिति तथा निर्माण व्यवसायीलाई दिएको पेश्की आर्थिक बर्षको अन्तसम्म फछ्र्यौट नगरेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.
<table>
<tr><th>पेश्की लिनेको नाम</th><th>प्रायोजन</th><th>पेश्की रकम</th><th>म्याद</th></tr>
<tr><td>श्रोत व्यक्ति ऋषिकेश ढकाल</td><td>अनौपचारिक शिक्षा कार्यक्रम बापत</td><td>६००००.००</td><td>नाघेको</td></tr>
<tr><td>कार्यक्रम अधिकृत रेडक्रस खेमप्रसाद भट्टराई</td><td>विपत् जोखिम न्यूनिकरण कार्यक्रम</td><td>५५०९५०.००</td><td>नाघेको</td></tr>
<tr><td>सब इन्जिनियर शमशेर कार्की</td><td>बिमा तथा नविकरण खर्च</td><td>३०००००.००</td><td>नाघेको</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१०१०९५०.००</td><td></td></tr>
</table></td><td>९,१०,९५०.०</td></tr>
<tr><td></td><td>आन्तरिक लेखा परिक्षणबाट देखिएका व्यहोराहरु देहाय अनुसार कायम गरिएको छ ।</td><td></td></tr>
<tr><td>६४.</td><td>युनिसेफ तर्फ : गो.भौ.नं । २०७६।३।२६ कार्यक्रम संचालनका लागी कार्यक्रम अधिकृत श्री खेमप्रसाद भट्टराईले बालबालिका केन्द्रित विपद जोखिम न्यूनिकरण कार्यक्रम संचालनका लागि लिएको पेश्की रु २००००० को सामान खरिद गरेको विलको आधारमा फछ्र्यौट भएको देखिन्छ । कुनै पनि मालसामान खरिद गर्नुभन्दा अघि स्वीकृत माग फारम खरिद आदेश गरि मालसामान खरिद गरी ल्याएमा जिन्सी दाखिला गरि खर्च लेख्नु पर्नेमा नगरपालिकाले उक्त विधी प्रक्रिया पुरा नगरि खरिद गरेको रकम रु २०००००।०० नियमित गर्ने र बिल बमोजिमको रकम मा १.५ प्रतिशत कर कट्टी नगरेको रकम रु ३०००।०० असुल गरि दाखिला गर्नुपर्ने रु</td><td>२,००,०००.०</td></tr>
<tr><td>६५.</td><td>गो.भौ.नं ६६३, बाट बहुक्षेत्रीय पोषण कार्यक्रम नगरपालिका समानिकरण श्रोतबाट रकम रु १११५४००।०० भुक्तानी लिँदा कर दाखिला नगरेकोले सम्बन्धित व्यक्तिबाट दाखिला गराउनु पर्ने रकम रु</td><td>८४८.००</td></tr>
<tr><td>६६.</td><td>गो.भौ.नं २८, मिती २०७६।३।२६ मा भानुभक्त ढकालले ४ थान फिल्टर रु ६३०५०।०० भुक्तानी लिएकोमा उक्त फिल्टर कार्यालयमा दाखिला नभएको तथा वितरण गरेको भर्पाई पेश नगरेकोले कार्यालयमा दाखिला तथा हस्तान्तरण गरेको भए रितपूर्वक हस्तान्तरण फारम पेश हुनुपर्ने रु</td><td>६३,०५०.००</td></tr>
<tr><td>६७.</td><td>गो.भौ.नं, मिती २०७६।३।२८ मा वडा नं ५ को पुर्ण सरसफाई तथा भैपरी कोष शिर्षकबाट ड्रम फिल्टर खरिदको रु १०४५००।०० बिल संलग्न रहेकोमा दाखिला भरपाइ पेश नभएकोले जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु</td><td>१,०४,५००.०</td></tr>
<tr><td>६८.</td><td>गो.भौ.नं ५०१ बाट मिती २०७६।३।२८ मा रुपबहादुर वि.क को पेश्की फछ्र्यौट गर्दा कर कट्टी</td><td>३,४८७.००</td></tr>
</table>

| | | |
|---|---|---|
| | नदेखिएकोले सम्बन्धितबाट असुल उपर गरी कर दाखिला गर्नु पर्ने रकम रु | |
| ६९. | मिती २०७६।३।२६ मा बागेश्वरी मा.वि लाई ३ कोठे भवन निर्माण कार्यको बिल भुक्तानी दिँदा उपभोक्ता समितीले कमलबजार नगरपालिका वार्ड नं १० बस्ने रवि रावत मार्फत रु १००००।०० प्रति ट्रलिको दरले १२ ट्रली बालुवा ढुवानी गरी कुल रु १२००००।०० बुझि लिएकोमा सो वापत १० प्रतिशत बहाल कर रु १२०००।० कर कट्टी गरी दाखिला नगरेकोले बागेश्वरी मा.वि ३ कोठे भवन निर्माण उपभोक्ता समितीबाट असुल उपर गरि दाखिला गर्नु पर्ने रु | १२,०००.० |
| ७०. | भौ.नं मिती २०७५।११।०७ मा भानुभक्त ढकाललाई विद्युत सामग्री ढुवानी वापत रु२४०००।०० भुक्तानी दिएकोमा ढुवानी कर कट्टी नभएकोले निज भानुभक्त ढकालबाट बहाल कर बापतको रकम रु २४०० असुल उपर गरी राजश्व दाखिला गनुपर्ने रु | २,४००.० |
| ७१. | भौ.नं मिती २०७५।११।१० ठाडागाडा वडा कार्यालय ग्राभिल ढाँकु सेरा सडक मर्मत उपभोक्ता समितीलाई ४५६०००।०० भुक्तानीमा रु६४०००।०० बराबरको बिलमा बहाल कर कट्टी गरि दाखिला नगरेकोले सम्बन्धित उपभोक्ता समितीबाट बहाल कर बापतको रु ६४००।०० असुल उपर गरि राजश्व दाखिला गर्नुपर्ने रु | ६,४००.० |
| ७२. | मिती २०७६।३।३० मा कमलबजार मुली बेलखेत सडक निर्माण मर्मत गर्ने कार्यको कोटेशन मार्फत लागत अनुमान मु.अ.कर सहित ४८९७५६।२० कायम भएकोमा सौरभ निर्माण सेवा मंगलसेन, क्षितिज कन्स्ट्रक्सन र हरिगंगा निर्माण सेवा अछाम लगायतले कोटेशन पेश गरेकोमा हरिगंगा निर्माण सेवा अछामलाइ कार्यदेश दिएकोमा निज निर्माण सेवालाई रकम रु ४८६६१३।०० भुक्तानी दिएको देखिन्छ, हरिगंगा निर्माण सेवा अछामसँग भएको खरिद सम्झौता पेश हुन नआएकोले खरिद सम्झौता पेश गरि नियमित गर्नुपर्ने रकम रु | ४,८६,६१३.० |
| ७३. | गो.भौ.नं मिती २०७५।११।१७ वि.पि स्मृती भवन निर्माण उ.स लाइ गाडी भाडा वापत रकम रु ३२०००।०० भुक्तानी दिइएकोमा रु ३२००।०० बराबरको बहाल कर कट्टी गरी दाखिला नगरेकोले सम्बन्धित उपभोक्ता समितीबाट असुल गरि दाखिला गर्नुपर्ने रु | ३,२००.० |
| ७४. | भौ.नं, मिती २०७६।२।२४ मा भाडेखेत सिचाई निर्माण उ.स लाइ गाडी भाडा वापत रकम रु १५०००।०० भुक्तानीमा रु १५००।०० बराबरको बहाल कर कट्टी गरी दाखिला नगरेकोले सम्बन्धित उपभोक्ता समितीबाट सो रकम असुल गरि दाखिला गर्नुपर्ने रु | १,५००.० |
| ७५. | भौ.नं २७८ मिती २०७६।३।३१ मा प्राविधिक कर्मचारीलाइ योजना अनुगमन मूल्यांकन खर्चको बिल भुक्तानी दिँदा अशिष्टेन्ट सब ईन्जिनियर विशाल बिष्टलाइ मिती २०७६।३।२२ देखि २०७६।३।२९ गते घोडासैन जाँदा फर्कदा दिएको रु ८२५८।०० दोहोरो भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रु ८२५८।०० असुल गरी दाखिला गर्नुपर्ने रु | ८,२५८.० |

<table>
<tr><td>७६.</td><td>सुविधा बेगरको खर्चः सुदुरपश्चिम प्रदेश सरकारले जारी गरेको स्थानिय तहका पदाधिकारीले पाउने सेवा सुविधा सम्बन्धी बनेको ऐनमा उल्लेख नभएको बैठक खर्चको सुविधा कार्यपालिकाको तथा बैठक भत्ता कार्यालयले भुक्तानी गरेकोले नियमसंगत देखिएन ।</td><td></td></tr>
<tr><td>७७.</td><td>आर्थिक सहायता : कार्यालयले विपद व्यवस्थापन, अन्य सामाजिक सहायता तथा विविध शिर्षक अन्तर्गत आर्थिक सहायता विगरण गरेको देखियो । यसरी कानुन पारित नगरि आधार बेगर कार्यपालिकाको निर्णयका आधारमा आर्थिक सहायता/पुरस्कार/विपद जोखिम खर्च भुक्तानी दिँदा एकरुपता नहुने देखिएकोले यस्ता आर्थिक सहायता प्रदान गर्ने कानुन पारित गरि मापदण्ड बनाई सिमा तोकी खर्च गर्ने व्यवस्था गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>७८.</td><td>समपुरक अनुदान : समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७५ को दफा ६(१) अनुसार ... "आयोजना/कार्यक्रमको कुल लागतको अधिकतम ४० प्रतिशत रकम समपुरक अनुदान प्रदान गर्न सक्नेछ" भन्ने व्यवस्था रहेकोमा नगरपालिकाले विभिन्न ६ वटा योजनामा ठेक्का सम्झौता गरी असार मसान्त सम्ममा रु १४८०००००।०० भुक्तानी दिएको देखिन्छ । संघीय सरकारबाट प्राप्त अनुदानको भुक्तानी अंकको ४० प्रतिशत हुन आउने रकम रु ५९२००००।०० मात्र खर्च लेखी बाँकी ६० प्रतिशत रु ८८८००००।०० नगरपालिकाको श्रोतबाट खर्च लेख्नु पर्नेमा सो रकम समेत समपुरक अनुदानबाट खर्च लेखेको छ । यसरी अनुपातभन्दा बढी खर्च लेखेको नियमित गर्नु पर्ने रु</td><td>८८,८०,०००.००</td></tr>
<tr><td>७९.</td><td>निजी श्रोतको शिक्षकहरुको पारिश्रमिक : नगरपालिका क्षेत्र भित्र रहेका विद्यालयहरुलाई निजी श्रोत शिक्षकहरुको पारिश्रमिकको लागि बजेट व्यवस्थापन गरी विद्यालय खातामा निकासा दिने गरेको छ । विद्यालयको शिक्षक विद्यार्थी आधारमा दरबन्दी मिलान पश्चात्त थप शिक्षक संख्या यकिन गरि र निश्चित कार्यविधि बनाई विद्यालयमा नियुक्त भएका शिक्षकहरुको योग्यता तथा अध्यापन अनुमति पत्र भए नभएको एकिन गरि मात्र अनुदान निकासा दिने व्यवस्था गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>८०.</td><td>समपरिक्षण सम्बन्धि व्यहोरा : कार्यालयले बेरुजु फछ्र्यौट गरि समपरिक्षणको लागी अनुरोध गरे अनुसार देहायबमोजिम बेरुजु सम्परिक्षण गरिएको छ ।
<table>
<tr><th>आ.व</th><th>बेरुजु दफा</th><th>सम्परिक्षणको छोटकरी व्यहोरा</th><th>सम्परिक्षण रकम</th></tr>
<tr><td>२०७४।७५</td><td>२८</td><td>सशर्त अनुदान रकम फिर्ता गरि बेरुजु खातामा दाखिला प्रमाण पेश भएको आधारमा ।</td><td>८९००७३।३०</td></tr>
<tr><td>२०७४।७५</td><td>३३</td><td>असुल गरि दाखिला प्रमाण पेश भएको आधारमा।</td><td>८६००।००</td></tr>
<tr><td>२०७४।७५</td><td>५५.१</td><td>डा.अमृत खरेल र ल्याब असिस्टेन्ट पवन कुमार वलीले दाखिला गरेको प्रमाणको आधारमा ।</td><td>३११०।०</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| २०७४।७५ | ५० | असुल गरि दाखिला प्रमाण पेश भएको आधारमा । | १२९४५।०० |
| | | जम्मा | ९,१४,७२८।३ |

८१. **अनुगमन परिक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछर्याट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकिय अधिकृतको हुने व्यवस्था छ। कार्यालयले वेरुजु फछर्यौट गरी सम्परीक्षणको लागि पेश गरेको बेरुजु सम्परीक्षण गरि निम्नानुसार कायम भएको छ।

| गत वर्षको बेरुजु रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| **१,५१,८१,०००/००** | **९,१४,७२८/३** | **१,४२,६६,२७१/७** |

८२. **अद्यावधिक बेरुजु स्थिति :** कमलबजार नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) © | यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D) | यो वर्षको कायम बेरुजु रु. (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| **१४२६६२७१.७०** | **०** | **३६२४०५८३.८९** | **५०५०६८५५.५९** |

अनुसूची-१

# कमलबजार नगरपालिकाको (विनियोजन, राजश्व, धरौटी र अन्य कारोवार)
## स्थानीय संचितकोषको विवरण
## २०७५।७६

(रु. हजारमा)

| स्थानीयतहको नाम | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | जम्मा खर्च | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गतवर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | | |
| | | १ | २ | ३ | ४ | ५(२+३+४) | ६ | ७ | ८ | ९(६+७+८) | १०(१+५–९) |
| कमलबजार नगरपालिका | अछाम | ३७१६४ | ९०५७२ | १८१८६८ | १८६१२८ | ४५८५६८ | ३११२१५ | १६९७७० | ६५७ | ४८१६४२ | १४०९० |

अनुसूची-२

## बेरुजू वर्गीकरण
## २०७५/७६

(रु. हजारमा)

| स्थानीयतहको नाम | जिल्ला | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बाँकी बेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असूल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | कर्मचारी | अन्य | जम्मा |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी | सोधभर्ना नलिएको | जम्मा | | | |
| कमलबजार नगरपालिका | अछाम | ४२ | ४१ | ३८१९० | ० | १ | १९५० | ४२ | ४० | ३६२४० | ४७६३ | २५१०७ | ५४६० | ० | ० | ३०५६७ | ९१० | ० | ९१० |

अनुसूची- ३

## बेरुजुको अद्यावधिक स्थिति

(रु. हजारमा)

| स्थानीयतहको नाम | जिल्ला | गत बर्षसम्मको बाँकी | यो बर्षको फछ्र्यौट | बाँकी | यो बर्ष सं.प. बाट कायम भएको बेरुजु | यो बर्षको बेरुजु | कूल बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|
| कमलबजार नगरपालिका | अछाम | १५१८१ | ९१४ | १४२६६ | ० | ३६२४० | ५०५०६ |